## सूचना २

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी पशुपति क्षेत्रको संरक्षण, सम्वर्द्धन, स्याहार सम्भार तथा समुचित विकासको लागि पशुपति क्षेत्र विकास कोषलाई करदाताले एक आर्थिक वर्षमा बढीमा रू. १०,००,००० (रू. दश लाख) सम्म चन्दा वा सहायता दिएको रकम बापत कोषको रितपूर्वकको भरपाई पेश गरेमा त्यस्ता करदाताको आय निर्धारण गर्दा चन्दा वा सहायता दिएको रकम खर्च बापत पूर्णरूपमा कट्टा गर्न पाउनेछ । तर यसरी चन्दा वा सहायता दिएको कारणबाट नोक्सान पर्न गएमा त्यस्तो नोक्सानी रकम आगामी आर्थिक वर्षको आयमा कट्टा गर्न नपाउने गरी यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा २ को खण्ड (च) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको देहायबमोजिमको कामको लागि देहायबमोजिमको दस्तुर तोकेकोले यो सूचना प्रकाशित गरेको छ ।

१. दफा ७. क. को उपदफा २ को प्रयोजनको लागि पेटेण्ट विवरण, नक्सा वा रेखाङ्कन हेर्न रू. २००।– र सोको नक्कल प्राप्त गर्न रू. ४००।–

२. दफा ९ को उपदफा (३) को प्रयोजनको लागि पेटेण्टको दर्तावालको नाम दाखिल खारेज गर्न रू. १,०००।–

३. दफा २१ घ. को उपदफा (१) अनुसार डिजायन नामसारी गर्न रू. ७००।– र ट्रेडमार्क नामसारी गर्न रू. ४००।–

आज्ञाले,
राधारमण उपाध्याय
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४७६